नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरवार, काठमाडौं ।

**<u>लिलाम विक्रि सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना</u>**

सूचना प्रकाशित मितिः-२०७५।२।२५

यस मन्त्रालयको जिन्सी मौज्दातमा रहेका तर प्रयोगमा नरहेका जिन्सि मालसामानहरु जो जहाँ जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुले यो सूचना प्रकाशित भएका मितिले १५ दिन भित्रमा रु.३०० (तीन सय) मा फिर्ता नहुने गरी बोलपत्र फाराम खरिद गरी १६औं दिन दिनको १२:०० बजे भित्रमा रितपूर्वक यस मन्त्रालयमा दाखिला गर्नु हुन र यस सम्बन्धी विस्तृत जानकारीका लागि यस मन्त्रालयको वेभसाइट [www.moys.gov.np](http://www.moys.gov.np) मा हेर्न वा मन्त्रालयको जिन्सी शाखामा सम्पर्क गर्न समेत यो सूचना प्रकाशित गरिएको छ ।

**<u>बोलपत्र सम्बन्धी शर्तहरुः</u>**

१. शिलबन्दी बोलपत्र फाराम खरिद गर्नेः

क) अन्तिम मितिः लिलाम बढाबढ सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०७५।३।८ गते) को कार्यालय समय सम्म ।

ख) स्थानः युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार काठमाडौंको भण्डार शाखा ।

२. शिलबन्दी बोलपत्र दर्ता गर्ने र खोल्ने मितिः

क) सिलबन्दी बोलपत्रको सूचना प्रकाशन भएको मितिले १६ औं दिन (२०७५।३।१० गते) दिनको १२:०० बजेसम्म दर्ता गरिसक्नुपर्नेछ ।

ख) सोही दिन (२०७५।३।१० गते) दिनको २ः:०० बजे बोलपत्रदाता वा निजको रोहबरमा शिलबन्दी बोलपत्र फाराम खोलिनेछ ।

ग) स्थानः युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार काठमाडौं ।

(कुनै कारणवस शिलबन्दी बोलपत्र खरिद र दर्ताको अन्तिम दिन सार्वजनिक बिदा परेमा सो दिन हुनुपर्ने काम कारबाही सो दिनको भोलिपल्ट हुनेछ ।)

३. माथि उल्लेखित सबै सामानहरु जो जहाँ जे जस्तो अवस्थामा रहेका छन्, सोहि अवस्थामा एकमुष्ठ उठाई लैजानु पर्नेछ ।

४. माथि उल्लेखित सबै सामानहरुको न्यूनतम् मूल्य कुल रु. ३०,१२४।– (तीस हजार एक सय चौबीस रुपैयाँ मात्र) कायम गरिएको छ ।

५. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्र र फर्मको तर्फबाट बोलपत्रमा भाग लिने भए फर्म दर्ता प्रमाणपत्र समेत बोलपत्र साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

६. शिलबन्दी बोलपत्र दाताले उक्त सामानहरुको आफूले कबोल गरेको मूल्यको १० प्रतिशत बराबरको रकम एभरेष्ट बैंक सिंहदरबारमा रहेको को.ले.नि.का.को धरौटी खाता नंबर १३५००१, कार्यालय कोड नंबर २७/३४३/०१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खामभित्र संलग्न गर्नुपर्नेछ ।

७. सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताले आफूले कबोल गरेको सम्पूर्ण रकम ७ (सात) दिनभित्र चुक्ता गरी सोही अवधिभित्र उक्त सामानहरु उठाई लगिसक्नुपर्नेछ । स्वीकृत शिलबन्दी बोलपत्र दाताले लिलाम सामानहरु तोकिएको समयमा उठाई नलगेमा धरौटी बापतको रकम जफत हुनेछ । उक्त धरौटी रकम बराबरको रकम मात्र घटी हुनेगरी कबोल गरेको निकटतम् दोस्रो घटीवालालाई उक्त सामानहरु दिन सकिनेछ ।

८. कुनैपनि बोलपत्रदातालाई घटी वा बढी रकम कबोल गरेको आधारमा उक्त सामानहरु दिने वा नदिने सम्बन्धि सम्पूर्ण अधिकार यस मन्त्रालयलाई हुनेछ ।

९. यसमा उल्लेख भएका शर्तहरुको हकमा सोही बमोजिम र यसमा प्रस्ट नभएका कुराहरुमा प्रचलित ऐन नियम र आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम हुनेछ ।